नेपाल सरकार
अर्थ मन्त्रालय

फ्यास नं १४७७०३८६
फोन नं ०१४७७०३८६

# महालेखा नियन्त्रक कार्यालय

(अन्तर सरकारी वित्त समन्वय शाखा)
अनामनगर, काठमाडौं

प.सं.:२०८०/८१
च.नं.:- ८१

मिति :- २०८०/०८/०८

**विषय :- अनुदानको रकम फिर्ता सम्वन्धमा ।**

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ४ र ५ तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १० मा एकीकृत वित्तीय विवरण तयार गरी अर्थ मन्त्रालय र महालेखा परीक्षकको कार्यालयमा पठाउनु पर्ने जिम्मेवारी यस कार्यालयको रहेको छ। साथै स्थानीय तहहरूले आ- आफ्नो एकीकृत वित्तीय विवरण तयार गरी असोज मसान्त भित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाइसक्नु पर्ने व्यवस्था समेत रहेको छ ।

विनियोजन ऐन,२०७९ को दफा ५ को उपदफा १३ मा सशर्त, समपुरक र विशेष अनुदानको रकम आर्थिक वर्ष भित्र खर्च नभई वचत भएमा सम्वन्धित स्थानीय तहले कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत आर्थिक वर्ष समाप्त भएको १५ दिन भित्र संघीय संचित कोषमा दाखिला गर्नु पर्नेछ र दाखिला नभएमा अर्को वर्षको समानीकरण अनुदानवाट कट्टा गरी समायोजन गर्नुपर्ने व्यवस्था रहेको छ। साथै चालु आ.व.०८०।८१ को विनियोजन ऐनको दफा ५ को उपदफा १४ मा विगत आ.व.को फिर्ता गर्नु पर्ने रकम समानीकरण अनुदानवाट कट्टा गर्न नपुग भए राजश्व बाडँफाडँबाट कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ।

कानूनी व्यवस्थाको कार्यान्वयनको लागि यस कार्यालयको बजेट कार्यान्वयन सम्वन्धी च.नं.३ मिति २०८०।०४।०७ को पत्रको बुंदा नं. ४० र ४१ र मिति २०८०।०७।०३ को पत्रबाट समेत रकम फिर्ताको लागि स्पष्ट निर्देशन गरिएकोमा स्थानीय निकायको सभा नवसेको,बजेट पारित नभएको, खाता रोक्का भएको जस्ता कारण देखाई गत आ.व.०७९।८०को फिर्ता गर्नु पर्ने रकम कतिपय स्थानीय तहबाट हालसम्म फिर्ता भएको नदेखिएकोले त्यस्ता स्थानीय तहहरूले नियमानुसार फिर्ता गर्नु पर्ने रकम वित्तीय समानीकरण अनुदानवाट कट्टा गरी राजश्वमा जम्मा गर्नु हुन र कट्टा गर्न नपुग भएमा स्थानीय तहको नाम र कट्टा गर्नु पर्ने रकम समेतको विवरण यस कार्यालयको इमेल igfcs@fcgo.gov.np मा मंसिर १५ गते भित्र पठाउनु हुन निर्देशानुसार अनुरोध छ ।

(मुन कुमार के.सी)
उप-महालेखा नियन्त्रक

**बोधार्थ:**

श्री स्थानीय तह,(हालसम्म हिसाव मिलान र बचत रकम फिर्ता नगर्ने स्थानीय तहहरू) : नियमानुसार फिर्ता गर्नु पर्ने वचत रकम फिर्ता गर्नु हुन र वित्तीय विवरण सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय सँग समन्वय गरी हिसाव मिलान गर्नु गराउनु हुन निर्देशानुसार अनुरोध छ।

मिति २०८०।८।१० गते सम्म गत आ.व.०७९।८०को फिर्ता गर्नु पर्ने अनुदान रकम(सर्शत तर्फको) आशिक वा पूर्ण रूपमा फिर्ता नभएका पालिका सम्वद्ध कोष तथा लेखा नियन्त्रक कार्यालयहरूको प्रारम्भिक विवरण।

ताप्लेजुङ, धनकुटा, ओखलढुंगा, उदयपुर, मोरङ, सुनसरी, सप्तरी, सिराहा, धनुषा, सर्लाही, रौतहट, बारा, पर्सा, रामेछाप, सिन्धुली, सिन्धुपाल्चोक, रसुवा, धादिंग, मकवानपुर, गोरखा, लमजुङ, पर्बत, स्याङ्गजा, रुपन्देही, अर्घाखाँची, सल्यान, डोल्पा, हुम्ला, सुर्खेत, अछाम, बैतडी